समाचार

एडीबी नेपालबाट

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय
नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

चैत्र, २०६२



वेबसाइटः http://www.adb.org/NRM
इमेलः adbnrm@adb.org


# स्वास्थ्यका लागि सरसफाई




**जनचेतना अभिवृद्धि** सफा खानेपानीको महत्वबारे जनचेतना अभिवृद्धि गर्न सुरूङ्गाको स्थानीय समुदाय र गैर-सरकारी संस्था साउन्ड नेपालले संयुक्त रुपमा सडक नाटक आयोजना गऱ्यो।

पूर्वी नेपालको सुरूङ्गाका महिलाहरूले केही वर्षअघिसम्म प्रदूषित खानेपानीको प्रयोग तथा सरसफाईको अभावले बिरामी पर्ने आफ्ना बालबच्चाको रेखदेखमै बढी समय र पैसा खर्च गर्नुपर्थ्यो। गाउँमा खानेपानीको धारा थिएन र धेरै कम घरमा मात्र शौचालय निर्माण गरिएको थियो। अपर्याप्त खानेपानी र सरसफाई प्रणालीका कारण स्थानीय बासिन्दाको जीवनस्तर र स्वास्थ्य स्थितिमा अत्यन्त नकारात्मक प्रभाव परेको थियो।

तर, अहिले अवस्था बदलिएको छ।

## चेतना अभिवृद्धि

एसियाली विकास बैंक (एडीबी) को सहायताप्राप्त साना शहरी खानेपानी तथा सरसफाई आयोजनाले सुरु गरेको सार्वजनिक जागरण अभियान तथा स्वास्थ्य र सरसफाई शिक्षाको प्रभावले प्रदूषित खानेपानीका कारण फैलिने रोगहरूमा उल्लेखनीय कमी आएको छ।

पाँच करोड ३९ लाख अमेरिकी डलरको यस आयोजनाले निम्न उद्देश्यहरू लिएको छ : १) खानेपानी, ढल निकास र सरसफाई सुविधाको निर्माण तथा स्वास्थ्य र सरसफाई शिक्षाद्वारा आयोजना क्षेत्रका बासिन्दाहरूको स्वास्थ्य तथा जीवनस्तरमा सुधार ल्याउने, २) खानेपानी तथा सरसफाई सुविधाको विकासमा सामुदायिक सहभागितालाई सहयोग गर्ने, र ३) खानेपानी गुणस्तरको सामुदायिक अनुगमनलाई प्रबर्द्धन गर्ने।

करिब १८ हजार औसत जनसंख्या भएका ३० वटा नयाँ साना शहरहरूमा कार्यान्वयन भइरहेको यस आयोजनाले सामुदायिक सरसफाई जागरण, आयोजनाको स्वामित्व र सहभागिता तथा आधारभूत


*क्रमशः दोस्रो पेजमा*


## बरिष्ठ एडीबी अधिकारीहरुद्वारा सरकार तथा दाताहरूसँग छलफल



**सेन्गा**

एसियाली विकास बैंक (एडीबी), दक्षिण एसिया क्षेत्रीय विभाग (सार्ड) का महानिर्देशक कुनियो सेन्गाले यही चैत ९ देखि १३ गतेसम्म नेपाल भ्रमण गर्नुभयो। भ्रमणका क्रममा श्री सेन्गाले सरकार तथा अन्य दातृ निकायहरूसँग नेपालको अवस्था, विकास गतिविधिहरूको महत्व तथा नेपालमा एडीबीका कार्यहरूबारे उच्चस्तरीय परामर्श गर्नुभयो।



**स्यामी**

यसअघि सार्डका उप-महानिर्देशक जन स्यामी, सार्डका सुरक्षा तथा कार्यविधि पालना सल्लाहकार सी.आर. राजेन्द्रन तथा सार्डको दक्षिण एसिया कृषि, वातावरण तथा प्राकृतिक संशाधन शाखाका निर्देशक फ्रेड रोचले २०६२ साल माघ ९ देखि १४ गतेसम्म नेपाल भ्रमण गर्नुभएको थियो। उहाँहरूको भ्रमणको उद्देश्य सार्ड रणनीति तथा कार्य योजनाको मस्यौदा तयार गर्नु थियो।

यसका लागि गठित सार्डको कार्य समूहमा एडीबी, नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमानसहित एडीबीका यी बरिष्ठ अधिकारीहरू सदस्य हुनुहुन्छ। उहाँहरूले माघ १४ गते काठमाडौंमा सार्ड रणनीति तथा कार्य योजनाको मस्यौदा तयार गर्नुभयो। ■

## यस अंकमा...


- नियोगद्वारा आफ्नो लैङ्गिक मूलप्रवाहीकरण प्रयास गैससँग आदानप्रदान ३
- भ्रष्टाचारका कारण एडीबीद्वारा ४० फर्म र ३३ व्यक्तिमाथि प्रतिबन्ध ३
- द्वन्द्वको आर्थिक लागत ३
- कार्यशाला तथा कार्यक्रमहरूको झलक ४
- नियोगका कर्मचारीहरूको समाचार ४


*यस प्रकाशनमा उल्लेखित डलरले अमेरिकी डलरलाई जनाउँछ।*

# सरसफाई

*क्रमशः पहिलो पेजबाट*

सरसफाई सुविधाहरूको निर्माणसम्बन्धी कार्यक्रम सञ्चालन गर्न गैर-सरकारी संस्था (गैसस) हरूलाई संलग्न गराउँछ ।

गैससहरूले शहरी आयोजना कार्यालयको समन्वयमा विस्तृत सामाजिक-आर्थिक विवरण तयार पार्न, वृहत् सार्वजनिक जागरण अभियान आयोजना गर्न, स्वास्थ्य तथा सरसफाई शिक्षा र कार्यक्रमहरू सञ्चालन गर्न तथा विभिन्न स्तरमा क्षमता अभिवृद्धिको आवश्यकतालाई सम्बोधन गर्नमा स्थानीय बासिन्दाको सहभागिता सुनिश्चित गर्न थुप्रै प्रक्रियाहरू अपनाए ।

निर्णय लिने प्रक्रियामा सहभागी हुन महिला तथा पुरूष दुवैलाई समान रुपले प्रोत्साहित गरियो । महिलाहरूलाई खानेपानी उपभोक्ता सरसफाई समितिमा प्रतिनिधित्व गर्न तथा सबै गैसस गतिविधिहरूमा सहभागी भएर आफ्नौ आवश्यकतामाथिको सम्बोधनलाई सुनिश्चित गर्न थप प्रेरित गरियो । स्वास्थ्य र सरसफाईसम्बन्धी सूचनाहरू शिक्षकबाट बालबालिका, बालबालिकाबाट अभिभावक र अभिभावकका माध्यमबाट आम समुदायसम्म प्रवाह गर्ने पद्दति वृहत्स्तरमा सूचना पुऱ्याउने एक सफल प्रयासको रुपमा रहेको छ ।

## सामाजिक परिचालन

गैससहरूले सरसफाईसम्बन्धी चेतना बढाउन र सफा खानेपानीको महत्वबारे सचेत तुल्याउन महिला सामुदायिक उत्प्रेरकहरू नियुक्त गरेका छन् । ‘सर्वसाधारणलाई प्रदूषित पानीबाट फैलिने रोगहरूबारे सचेत तुल्याउन र समुदायमा यस आयोजनाको महत्वबारे सूचना दिन हामी सबैका घरघरमा पुगेका छौं’, सुरूङ्गाकी सुशिला दाहाल भन्छिन् । यो प्रयास उपलब्धिपूर्ण पनि देखिएको छ ।

‘प्रदूषित पानी पिएर हरेक महिना केटाकेटी बिरामी पर्ने हुदा उनीहरूको औषधिउपचारमा धेरै पैसा खर्च गर्नुपर्थ्यो’, बेलबारीकी स्थानीय महिला गंगा गुरूङ भन्छिन्- ‘तर, अहिले हामीले सरसफाईमा ध्यान दिंदा केटाकेटी बिरामी परिरहने समस्या भोग्नुपरेको छैन । सामुदायिक परिचालकहरूले हामीलाई स्वास्थ्य र सरसफाईको महत्व बुझ्न धेरै मद्दत गरेका छन् ।’

विभिन्न शहरी आयोजनामा गंगाजस्तै धेरै स्थानीय बासिन्दाहरू आफ्नो र खासगरी आफ्ना केटाकेटीहरूको राम्रो स्वास्थ्यका लागि सफा खानेपानीको महत्वप्रति सचेत भएका छन् ।



**स्वास्थ्यका लागि सरसफाई** राम्रो स्वास्थ्यका लागि सरसफाईको महत्व बुझेपछि समुदायका सदस्यहरू सरसफाई अभियानमा सहभागी हुँदै ।

## लागत बाँडफाँड

आयोजनाले समुदायको स्वामित्व सुनिश्चित गर्न सरकार र लाभान्वित समुदायहरूबीच लागत बाँडफाँडको विधि अपनाएको छ, जसमा प्रत्येकले कुल लागतको ५० प्रतिशत हिस्सा बेहोर्छन् । लाभान्वित व्यक्तिहरूले कुल लागतको ५ प्रतिशत नगद लगानी गर्छन् भने श्रम/निर्माण सामग्रीका रुपमा १५ प्रतिशत र बाँकी ३० प्रतिशत शहरी विकास कोषले प्रदान गर्ने ऋणका माध्यमबाट लगानी गरिन्छ । यो ऋण खानेपानी महसुलका माध्यमबाट १२ देखि १५ वर्षको अवधिमा चुक्ता गर्नुपर्छ ।

लाभान्वित व्यक्तिहरूलाई प्रत्यक्ष नगद लगानीका निम्ति विश्वस्त तुल्याउनु तथा उनीहरूको सहभागिता सुनिश्चित गर्नु आयोजनाका प्रमुख चुनौतीहरू थिए, जसले आयोजना सुरु हुनमा समेत ढिलाइ गरेको थियो ।

तैपनि, सरसफाई अभ्यासहरूको सकारात्मक प्रभाव अनुभव गरेर तथा सफा र सुरक्षित खानेपानीको महत्व बुझेर लाभान्वित व्यक्तिहरू खानेपानी आयोजनाको निर्माण लागतमा आफ्नो हिस्सा लगानी गर्न विश्वस्त भएका छन् ।

‘आफ्ना केटाकेटीहरूलाई स्वस्थ राख्न मासिक रुपमा गर्नुपर्ने औषधिउपचार खर्चको तुलनामा प्रत्यक्ष नगद लगानी केही पनि होइन’, बेलबारीकी रमा बान्तवा भन्छिन्- ‘यो महसुस गर्नमा दिदीहरू (सामाजिक उत्प्रेरक) ले मलाई सहयोग गर्नुभएको छ ।’

‘फाइदाबाट वञ्चित दलित समुदायहरूले पनि यसलाई सकारात्मक रुपमा ग्रहण गरेका छन् र उनीहरू पनि अहिले प्रत्यक्ष नगद लगानी गर्न विश्वस्त भएका छन् । उनीहरूलाई विश्वास दिलाउन आयोजनाले उनीहरूका लागि शौचालय निर्माण गर्दा ५० प्रतिशतसम्म लागत बेहोरिरहेको छ’, अर्का सामुदायिक परिचालक मुना खड्का थप्छिन् ।

आयोजनाको स्थायित्व सुनिश्चित गर्न सरकारले एक संस्थागत संयन्त्र तयार पार्ने काम गरिरहेको छ, जसमा खानेपानी विभागका शाखा कार्यालयहरूले आवश्यकताअनुसार खानेपानी उपभोक्ता सरसफाई समितिलाई प्राविधिक सहयोग (सशुल्क सेवा) प्रदान गर्नेछन् ।

## माध्यमिक विद्यालय भर्ना दर

खानेपानी पाइपको पहुँचले स्वास्थ्य स्थितिमा सुधार ल्याएको छ भने शौचालय निर्माणले बालिकाहरू विद्यालयमा भर्ना हुने दर बढाएको छ । शौचालय र विद्यालय भर्नाबीच केही सम्बन्ध नभएजस्तो देखिनसक्छ । तर, छुट्टै शौचालयको व्यवस्था नहुनु नै बालिकाहरू विद्यालयमा कम भर्ना हुने एक प्रमुख कारण रहेको पाइएको छ ।

‘बालिका र बालकहरूका लागि छुट्टै शौचालयको निर्माणले बालिकाहरू विद्यालयमा भर्ना हुने र पढाइ कायम राख्ने दर बढेको छ’, सोसाइटी फर नेशनल डेभलपमेन्ट नेपाल नामक गैससकी निर्मला प्रधान दाबी गर्छिन् । विद्यालयमा छुट्टै शौचालयको व्यवस्था गरिएपछि बालिकाहरू भर्ना हुने दर सन् २००२ र २००५ को बीचमा २० प्रतिशत बढेको थियो ।

एडीबीका अन्य खानेपानी आयोजनाबारे विस्तृत रुपमा पढ्न http://www.adb.org/water हेर्नुहोस् ।

*(यो लेख सहायक आयोजना विश्लेषक रजनी केसी श्रेष्ठले तयार पार्नुभएको हो ।)* ■

## एडीबीको ३९ औं वार्षिक बैठक

एडीबी बोर्ड अफ गभर्नर्सको ३९ औं वार्षिक बैठक २०६३ साल वैशाख २० गते बुधबारदेखि २३ गते शनिबारसम्म भारतको हैदराबादस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा सञ्चालन हुने भएको छ । विस्तृत जानकारीका लागि www.adb.org/AnnualMeeting/2006/ हेर्नुहोस् ।



# नियोगद्वारा आफ्नो लैङ्गिक मूलप्रवाहीकरण प्रयास गैसससँग आदानप्रदान

लैङ्गिक मूलप्रवाहीकरणमा आफूले गरेका प्रयासहरू आदानप्रदान गर्न एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगले फागुन १५ गते गैर-सरकारी संस्था (गैसस) हरूसँग छलफल आयोजना गऱ्यो ।

कार्यक्रममा नियोगका लैङ्गिक तथा विकास विशेषज्ञ आभा श्रेष्ठले सरकारी नीति तथा ऋण आयोजनाहरूमा लैङ्गिक आयामलाई आबद्ध तुल्याउनमा सरकारलाई सहयोग गर्न तथा यसलाई एडीबीका आफ्नै सहयोग कार्यक्रममा समेत समाहित गर्न नियोगले चालेका कदमहरूका विषयमा प्रस्तुतिकरण गर्नुभयो ।



सूचना आदानप्रदान नेपाल आवासीय नियोगद्वारा एडीबीको लैङ्गिक मूलप्रवाहीकरण प्रयासबारे गैससहरूलाई जानकारी प्रदान ।

निजामति सेवामा रहेको चरम लैङ्गिक असन्तुलन हटाउन एडीबीले चालेको पहिलो महत्वपूर्ण कदम औंल्याउँदै उहाँले उक्त प्रयासबाट सन् २००५ मा निजामति सेवा ऐन संशोधन भई निजामति सेवामा सकारात्मक भेदभावको सुरुवात भएको बताउनुभयो।

'लैङ्गिक सरोकारलाई निजामति सेवाको केन्द्रीय विषयका रुपमा पहिचान गरियो', उहाँले भन्नुभयो- 'एडीबीले शासकीय सुधार कार्यक्रमलाई बढी लैङ्गिक सम्वेदनशील तुल्याउन यसमा संशोधन गर्नुका साथै शासकीय सुधार कार्यक्रमको दोस्रो किस्ता ऋण निस्कासनका लागि सकारात्मक कार्य योजना पारित गर्नुपर्ने शर्तमा सरकारसँग सम्झौता गऱ्यो ।'

एडीबीले सन् २००४ नोभेम्बरमा स्वीकृत भएको एक करोड अमेरिकी डलरको लैङ्गिक समानता तथा महिला सशक्तिकरण आयोजना सुरू गर्न महिलाविरुद्धका भेदभावपूर्ण प्रावधानहरू हटाउने छाता ऐन अध्यादेशमार्फत् घोषणा गर्नुका साथै नेपाल दलित आयोगको गठनलाई पूर्वशर्तका रुपमा राखेको पनि श्रेष्ठले जानकारी दिनुभयो ।

छलफलमा नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमान पनि सहभागी हुनुहुन्थ्यो ।१८ वटा गैससका प्रतिनिधिहरूले भाग लिएको यो छलफल नियोगले सन् २००३ सेप्टेम्बरदेखि सुरु गरेको त्रैमासिक गैसस परामर्शअन्तर्गत गरिएको हो । ■

# भ्रष्टाचारका कारण एडीबीद्वारा ४० फर्म र ३३ व्यक्तिमाथि प्रतिबन्ध

भ्रष्टाचारको आरोप लागेका गतिविधिहरूको अनुसन्धान नतिजाअनुसार एसियाली विकास बैंक (एडीबी) ले सन् २००५ मा ४० फर्म र ३३ जना व्यक्तिहरूलाई प्रतिबन्ध लगाएको एडीबीको महालेखापरीक्षकको कार्यालय, सच्चरित्रता इकाईको नयाँ प्रतिवेदनमा उल्लेख छ। सन् १९९८ मा भ्रष्टाचारको आरोप लागेका गतिविधिमाथि अनुसन्धान गर्न थालेदेखि हालसम्म करिब २५० वटा फर्म र व्यक्ति एडीबीका लागि काम गर्नबाट प्रतिबन्धित भइसकेका छन् ।

'एडीबी आफ्नो सहायतामा सञ्चालित आयोजना वा आफ्ना कर्मचारीहरूको भ्रष्टाचारलाई कुनै हालतमा स्वीकार गर्दैन', एडीबीका महालेखापरीक्षक पिटर पेडरसन भन्नुहुन्छ- 'यी फर्म तथा व्यक्तिहरूविरुद्ध चालिएको कदमले एडीबीको भ्रष्टाचारविरोधी नीति उल्लंघन गर्नेहरूमाथि भ्रष्टाचारको आरोपमा अनुसन्धान र कारबाही गर्ने हाम्रो प्रतिबद्धता झल्काउँछ ।'

सच्चरित्रता इकाईले एडीबीको भ्रष्टाचारविरोधी नीति लागु गर्ने जिम्मेवारी पाएको छ । यसमा गत वर्ष १९९ वटा उजुरीहरू परेका थिए। यो सन् २००४ को तुलनामा ४४ प्रतिशत बढी हो । यसमध्ये १०२ वटा उजुरीमा अनुसन्धान भइसकेका छन् ।

एडीबीले अनुसन्धानमा परेका वा आफूसँग काम गर्नबाट प्रतिबन्ध लगाइएका फर्म तथा व्यक्तिहरूको सूची केही सम्बन्धित कर्मचारी तथा अन्य अन्तर्राष्ट्रिय संगठनहरूलाई उपलब्ध गराए पनि सार्वजनिक भने गर्दैन ।

भ्रष्टाचारको आरोप लागेका विषयमा अनुसन्धान गर्नुका अतिरिक्त एडीबीले भ्रष्टाचारविरुद्धको लडाइँमा सरकारलाई समेत सहयोग गर्ने श्री पेडरसन बताउनुहुन्छ।

## भ्रष्टाचार नियन्त्रणसम्बन्धी शाही आयोग खारेज

नेपालमा सर्वोच्च अदालतले फागुन १३ गते भ्रष्टाचार नियन्त्रण शाही आयोग खारेज गऱ्यो । अदालतले आयोगको गठन संविधानसम्मत् नभएको ठहर गर्दै यसलाई तत्काल 'रद्द र विघटन' गर्न सरकारलाई आदेश दिएको थियो ।

आयोगले मेलम्ची खानेपानी आयोजनाको करारमा भ्रष्टाचार भएको आरोपमा छानबीन गरेर तत्कालिन प्रधानमन्त्री, तत्कालिन भौतिक योजना तथा निर्माण मन्त्री, भौतिक योजना तथा निर्माण मन्त्रालयका तत्कालिन सचिव, मेलम्ची खानेपानी आयोजनाका कार्यकारी निर्देशक र उप-कार्यकारी निर्देशक तथा ठेकेदारहरूमध्येका एकलाई जरिवाना र कारावास सजायँ घोषणा गरेको थियो ।

एडीबीको सहायताप्राप्त मेलम्ची खानेपानी आयोजनाको भ्रष्टाचारसम्बन्धी विषयमा एडीबीको सच्चरित्रता इकाईले अनुसन्धान गरे पनि करार दिंदा कुनै अनियमितता नभएको निर्क्यौल निकालेको थियो । ■

## द्वन्द्वको आर्थिक लागत

नेपालमा अहिलेको द्वन्द्वका कारण १३ हजारभन्दा बढीको ज्यान जानुका साथै करिब ४ लाख जनता विस्थापित भइसकेका छन् । यसको मानवीय प्रभावमात्र छैन, देशको कमजोर अर्थतन्त्रमा यसले शिथिलतासमेत ल्याएको नेपाल आवासीय नियोगका अर्थशास्त्र अधिकृत विपुल सिंहले बताउनुभयो ।

'द्वन्द्वले अर्थतन्त्र र ग्रामीण जीवनयापनमा नराम्ररी प्रभाव पारेको छ। मानवीय जीवनको क्षतिका साथै गरिबसम्म आधारभूत सेवा प्रवाहमा यसले अवरोध ल्याएको छ भने रोजगारीका अवसर तथा आधारभूत पूर्वाधारको अभाव तथा बाह्य बसाइसराइँको स्थिति सिर्जना गरेको छ। सर्वसाधारण तथा मालसामानको आवागमनमा समेत अवरोध उत्पन्न गराएको छ', एसियाली विकास बैंकको नेपाल आवासीय नियोगद्वारा माघ २७ गते आयोजित गोष्ठीमा सिंहले भन्नुभयो। उहाँका अनुसार आर्थिक वृद्धिदर सन् १९९० को ४ दशमलव ७ प्रतिशतका तुलनामा आर्थिक वर्ष २००२-२००४ को अवधिमा औसत २ प्रतिशतमात्र रहनेछ। ■



आन्तरिक गोष्ठी नेपाल आवासीय नियोगका कर्मचारीहरू द्वन्द्वअघि र पछिको आर्थिक वृद्धिको अवस्था तथा सन् २००६ को सम्भावित परिदृश्यमाथि छलफल गर्दै ।

# कार्यशाला तथा कार्यक्रमहरूको झलक

एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगका कर्मचारीहरूले सन् २००६ को पहिलो त्रैमासिकमा विभिन्न कार्यशाला तथा गोष्ठीहरू आयोजना गर्नुका साथै केही गोष्ठीहरूमा भाग लिएका थिए । त्यसमध्ये केहीको यहाँ चर्चा गरिएको छ ।

## आन्तरिक गोष्ठी

- नियोगका आयोजना कार्यान्वयन अधिकृत गोविन्द ज्ञवालीले २०६२ साल माघ १४ गते विकासमा सरकार-निजी क्षेत्र साझेदारी विषयक प्रस्तुति राख्नुभएको थियो । उहाँको प्रस्तुति सरकार-निजी क्षेत्र साझेदारीका फाइदा तथा चुनौतीहरूमाथि केन्द्रित थियो । त्यसपछिको छलफल नेपालमा सरकार-निजी क्षेत्र साझेदारी लागू गर्ने सम्भावना तथा यसको प्रबर्द्धनमा एडीबीको सम्भावित भूमिकामाथि केन्द्रित थियो । नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमानले फागुन ५ गते ज्ञानको सिद्धान्त तथा भारतीय दर्शनको 'संकट' बारे बोल्नुभएको थियो । गोष्ठीले दक्षिण एसियाको विकास स्तर तथा यस क्षेत्रको लामो समयदेखिको दार्शनिक प्रचलनको सम्बन्ध परीक्षण गर्ने उद्देश्य लिएको थियो ।
- नेपाल आवासीय नियोगका अर्थशास्त्र अधिकृत विपुल सिंहले माघ २७ गते नेपालको आर्थिक प्रक्षेपणसम्बन्धी प्रस्तुति राख्नुभएको थियो । (हेर्नुस् पृष्ठ ३)
- नियोगका सहायक आयोजना विश्लेषक रजनी केसी श्रेष्ठले फागुन १९ गते एडीबीको संशोधित खरिद तथा परामर्श सेवा नियुक्तिसम्बन्धी निर्देशिकाबारे बोल्नुभएको थियो । उहाँको प्रस्तुति र त्यसपछिको छलफल आयोजना कार्यान्वयनको विभिन्न चरणमा आएका खरिद तथा परामर्श सेवा नियुक्तिसम्बन्धी समस्यामा केन्द्रित थियो । श्रेष्ठको प्रस्तुतिअघि एडीबीको केन्द्रीय कार्य सञ्चालन सेवा कार्यालयका प्रमुख परामर्श सेवा विशेषज्ञ याङ डानले कार्यालयको पुनर्गठन तथा परामर्श सेवासम्बन्धी नयाँ निर्देशिकामा भएका परिमार्जनहरूको जानकारी दिनुभएको थियो ।

## सार्क वित्त संयन्त्रसम्बन्धी कार्यशाला

एडीबी र दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) सचिवालयले २०६२ साल फागुन ८ देखि १० गतेसम्म काठमाडौंमा संयुक्त रुपमा सार्क वित्त संयन्त्रसम्बन्धी कार्यशाला आयोजना गरेका थिए । कार्यशालाले प्रस्तावित सार्क विकास कोषको तर्जुमा तथा सञ्चालनका लागि उपलब्ध विभिन्न विकल्प तथा विधिहरूको विश्लेषण गर्ने अवसर प्रदान गरेको थियो ।

खासगरी कार्यशालाले निम्न योगदान पुऱ्याएको छः १) विकास वित्त उपकरणको सञ्चालन, सुशासन तथा स्थायित्वका लागि सार्क सचिवालय र सदस्य राष्ट्रहरूको चेतना अभिवृद्धि गर्ने, २) कोष र त्यससम्बन्धी राम्रा अन्तर्राष्ट्रिय प्रचलनहरूमाथि छलफल गर्ने, र ३) प्रस्तावित संरचना, सञ्चालन र कोषका विकल्पहरूको विश्लेषण गरी सुशासन सुनिश्चित गर्ने ।

कार्यशालाका परिणामहरूले फागुन ११ र १२ गते भएको सार्क विज्ञहरूको बैठकलाई सार्कका अर्थमन्त्रीहरूसमक्ष आवश्यक कार्यका लागि सुझाव पेस गर्न सहयोग पुऱ्याएको थियो । सबै सार्क सदस्य राष्ट्रहरू (बंगलादेश, भुटान, भारत, मालदिभ्स, नेपाल, पाकिस्तान र श्रीलंका) का अर्थविद्हरूले कार्यशालामा भाग लिएका थिए । सार्क राष्ट्रका अधिकारीहरू, निजी क्षेत्र, आसियान, विश्व बैंक तथा एडीबीका प्रतिनिधिहरूसमेत कार्यशालामा सहभागी थिए ।

## राष्ट्रिय आयोजना कार्यान्वयन तथा प्रशासनिक गोष्ठी

एडीबीले फागुन ९ देखि १९ गतेसम्म राष्ट्रिय आयोजना कार्यान्वयन तथा प्रशासनिक गोष्ठी आयोजना गऱ्यो । नेपालमा सञ्चालित एडीबीका कार्यक्रमहरूको विकास परिणामका लागि कार्य-सम्पादनमा सुधार ल्याउन तथा व्यवस्थापन अभिवृद्धि गर्न उक्त गोष्ठी आयोजना गरिएको थियो । यो कार्यक्रम एडीबी, विश्व बैंक, अन्तर्राष्ट्रिय समन्वयका लागि जापान बैंक र सरकारको संयुक्त आयोजनामा सन् २००५ मा भएको राष्ट्रिय कार्यक्रम समीक्षापछिको कार्यस्वरुप गरिएको हो । गोष्ठीमा आयोजना प्रबन्धक, कार्यान्वयन निकायका लेखापरीक्षकसहित ४७ जना सहभागीहरूले भाग लिएका थिए ।



**क्षेत्रीय समन्वय** सार्क वित्त संयन्त्रसम्बन्धी कार्यशालाका सहभागीहरू प्रस्तावित सार्क विकास कोषको तर्जुमा तथा सञ्चालनका लागि उपलब्ध विभिन्न विकल्प तथा विधिहरू विश्लेषण गर्दै ।

## सार्क क्षेत्रीय मल्टिमोडल यातायात अध्ययन बैठक

नेपाल आवासीय नियोग र दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) सचिवालयले फागुन २८ गते दोस्रो चरणको सार्क क्षेत्रीय मल्टिमोडल यातायात अध्ययन (मालवाहक तथा यात्रुवाहक) को पहिलो प्राविधिक समन्वय बैठक आयोजना गरेका थिए । बैठकले हालसम्म भएका प्रगति समीक्षा गर्नुका साथै भविष्यमा गर्नुपर्ने कार्यहरूका सम्बन्धमा निर्णय लिएको थियो । बैठकमा सार्क सदस्य राष्ट्र तथा एडीबीबाट १४ जना यातायात विज्ञहरूले भाग लिएका थिए ।

आगामी कार्यक्रमहरूको पूर्ण सूचीका लागि एडीबी, नेपाल आवासीय नियोगको वेबसाइट हेर्नुहोस् : http://www.adb.org/nrm

## नियोगका कर्मचारीहरूको समाचार

सन् २००६ को पहिलो त्रैमासिकमा एक नयाँ कर्मचारी एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगमा आबद्ध हुनुभयो भने अर्को एक कर्मचारी नियोग छाडेर एडीबी प्रधान कार्यालय सरुवा हुनुभयो ।



**कि ही च्यू** २०६२ साल पुस १९ गतेदेखि आयोजना प्रशासनिक एकाई प्रमुखका रुपमा नेपाल आवासीय नियोगमा आबद्ध हुनुभएको छ । ५२ वर्षीय च्यूले नियोगको कार्यक्रम व्यवस्थापनको जिम्मेवारी सम्हाल्नुहुनेछ । उहाँले २०५६ साउन २ गतेदेखि एडीबी प्रधान कार्यालयमा काम गर्न थाल्नुभएको थियो । प्रधान कार्यालयमा उहाँ खानेपानी संशाधन तथा ग्रामीण विकाससम्बन्धी आयोजना तर्जुमा गर्नुहुन्थ्यो । उहाँले संयुक्तराज्य अमेरिकाको कोलाराडो विश्वविद्यालयबाट इन्जिनियरिङमा विद्यावारिधी गर्नुभएको छ ।



सन् २००४ नोभेम्बर १ मा प्रमुख क्षेत्रीय समन्वय विशेषज्ञ तथा नतिजा अनुगमन सल्लाहकारका रुपमा नेपाल आवासीय नियोगमा आबद्ध हुनुभएका ५७ वर्षीय **विष्णुदेव पन्तले** २०६२ साल चैत १४ गतेदेखि नियोगबाट बिदा लिनुभयो । उहाँले अब एडीबीको अर्थशास्त्र तथा अनुसन्धान विभागमा विकास सूचकांक तथा नीतिगत अनुसन्धान शाखाको सहायक प्रमुख अर्थशास्त्रीका रुपमा काम गर्नुहुनेछ । श्री पन्तले यो नयाँ पदमा रहेर आर्थिक नीतिको अनुसन्धान तथा तथ्यांकीय क्षमता विकासको जिम्मेवारी निर्वाह गर्नुहुनेछ । नियोगमा उहाँ क्षेत्रीय समन्वय तथा नतिजा अनुगमनसम्बन्धी काम गर्नुहुन्थ्यो । उहाँले भारतको कलकत्तास्थित इन्डियन स्ट्याटिस्टिकल इन्स्टिच्युटबाट एप्लाइड स्ट्याटिस्टिकमा विद्यावारिधी गर्नुभएको छ ।


## समाचार नेपालबाट

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरूबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो । 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्बन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ । यद्यपि यसमा प्रकाशित भएका लेखहरूले एडीबीको आधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरुपमा भन्न सकिदैन । हामी पाठकहरूको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं ।



नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं. ३१
पोष्ट बक्स ५०७१
काठमाडौं, नेपाल ।
फोन: +९७७ १ ४२२ ७७७९
फ्याक्स: +९७७ १ ४२२ ५०६३
adbnrm@adb.org
www.adb.org/nrm
राष्ट्रिय निर्देशक: सुल्तान हाफिज रहमान